प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
प्रदेश नं. ५
बुटवल, नेपाल
☏:०७१-५५०००३,
०७१-५५००६३

पत्र संख्या : ०७६।७७
चलानी नं. :१५६२

मिति : २०७७।०३।२९

विषय : <u>अनुदानको बजेट, आयोजना तथा कार्यक्रम कार्यान्वयन सम्वन्धमा ।</u>

**श्री स्थानीय तहहरू**
**(१०९) सबै**
**प्रदेश नं. ५ ।**

प्रदेश सरकारको तर्फबाट स्थानीय तहहरुलाई आगामी आ.व. २०७७/७८ उपलब्ध गराइने अनुदान र अनुदान सम्वन्धी आयोजना तथा कार्यक्रम समावेश भएको वार्षिक विकास पुस्तक यस मन्त्रालयको वेवसाइट moeap.p5.gov.np मा अपलोड समेत गरिसकिएको छ । उक्त पुस्तकको परिच्छेद-३ **"स्थानीय तह वित्त हस्तान्तरण तर्फका आयोजना तथा कार्यक्रम"** शिर्षक अन्तर्गत वित्तीय समानीकरण अनुदान, सशर्त अनुदानका आयोजना तथा कार्यक्रम र विशेष अनुदानका आयोजना तथा कार्यक्रमहरु पालिकागत रुपमा समावेश गरि सकिएकोले सोको देहाय बमोजिम कार्यान्वयन गर्ने व्यवस्था हुन प्रदेश सरकार (माननीय मुख्यमन्त्री एवम् आर्थिक मामिला तथा योजना मन्त्रीस्तर) को मिति २०७७/०३/२८ को निर्णयानुसार अनुरोध छ ।

<u>देहाय</u>

१. खर्च शिर्षक नं. २६३३१ तर्फको वित्तिय समानीकरण अनुदान स्थानीय सभाबाट स्विकृत भएको विनियोजन ऐन बमोजिम कार्यान्वयनको व्यवस्था मिलाउनुहुनेछ।

२. खर्च शिर्षक नं. २६३३३ को विशेष अनुदान तर्फको **"मुख्यमन्त्री ग्रामीण विकास तथा रोजगार कार्यक्रमको"** हकको प्रदेश सरकारबाट स्विकृत मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको वेबसाइट ocmcm.p5.gov.np मा अपलोड गरिएको मुख्यमन्त्री ग्रामीण विकास तथा रोजगार कार्यक्रम सञ्चालन कार्यविधि (दोश्रो संसोधन सहित), २०७५ बमोजिम कार्यान्वयनको व्यवस्था मिलाउनुहुनेछ।

३. सि.नं.१ र २ मा उल्लेखित बाहेक अन्य आयोजना तथा कार्यक्रमहरु खर्च शिर्षक नं. २६३३२ का शसर्त अनुदान तर्फका आयोजना तथा कार्यक्रमहरु भएकोले सो सम्बन्धमा देहाय बमोजिम गर्नुहुनेछ।

प्रदेश सरकार
# आर्थिक मामिला तथा योजना मन्त्रालय
प्रदेश नं. ५
बुटवल, नेपाल

☏: ०७१-५५०००३, ०७१-५५००६३

पत्र संख्या : ०७६।७७
चलानी नं. :

क) आयोजना तथा कार्यक्रमहरु आ.व.२०७७/७८ को श्रावण महिनाबाट कार्यान्वयन प्रक्रिया अगाडी बढाउनुहुनेछ। सोको लागि थप स्विकृती आवश्यक पर्ने छैन।

ख) स्विकृत आयोजनाहरु आ.व.२०७७/७८ को लागि सालबसाली प्रकृतिका आयोजना भएकोले सोही आ.व.मा नै सम्पन्न गर्ने गरी स्विकृत बजेट सीमा भित्र रही कार्यान्वयन प्रक्रिया अगाडी बढाउनुहुनेछ। सोको लागि प्रदेश सरकारबाट थप बजेटको व्यवस्था हुने छैन।

ग) स्विकृत आयोजनाको मुल उद्देश्य परिवर्तन नहुने गरी कुनै विषय संशोधन गर्नुपर्ने भएमा सम्बन्धित पालिका क्षेत्रका प्रदेश सभाका माननीय सदस्यको सिफारिश र कार्यपालिकाको निर्णय सहित मिति २०७७ भाद्र मसान्त भित्र संशोधनको लागि यस मन्त्रालयको इमेल ठेगाना moeap5.anudan@gmail.com उपलब्ध गराई अनुदान व्यवस्थापन शाखा (अधिकृत सातौं जिवकला भण्डारी, मोबाइल नं. ९८४७५५८९७९) लाई जानकारी गराउनुहुनेछ।

घ) आयोजना तथा कार्यक्रम नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट स्विकृत आयोजनासँग दोहोरो परी संशोधन गर्नुपर्ने भएमा माथि (ग) मा उल्लेखित प्रक्रिया पुरा गरी सोही अवधिमा उल्लेखित इमेल ठेगानामा उपलब्ध गराउनुहुनेछ।

ङ) स्विकृत रकमबाट आयोजना सम्पन्न हुन नसक्ने र आयोजना सम्पन्न गर्न अत्यावश्यक देखिएमा स्थानीय तहले आफ्नो श्रोत समेत थप गरी कार्यान्वयन गर्न सकिनेछ।

च) कतिपय आयोजना तथा कार्यक्रमहरु प्रदेश सरकारको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, सामाजिक विकास मन्त्रालय र उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालयसँग सम्बन्धित भएकोले सो सम्बन्धमा केही अस्पष्टता भएमा देहाय बमोजिमको नम्बरमा सम्पर्क गरी थप स्पष्ट गर्न सकिनेः-

- उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको हकमाः- अधिकृत आठौं गणेश घिमिरे मोबाइल नं. ९८५७०५७७५५
- सामाजिक विकास मन्त्रालयको हकमाः- उपसचिव (अधिकृत दशौं) थानेश्वर ज्ञवाली मोबाइल नं. ९८५७०१५९९८
- भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको हकमाः- कृषि अर्थ विज्ञ (अधिकृतस्तर सातौं) अनुप तिवारी, मोबाइल नं. ९८४७८४१७५८

प्रदेश सरकार
# आर्थिक मामिला तथा योजना मन्त्रालय
प्रदेश नं. ५
बुटवल, नेपाल

☏: ०७१-५५०००३,
०७१-५५००६३

पत्र संख्या : ०७६।७७
चलानी नं. :

- आर्थिक मामिला तथा योजना मन्त्रालयको हकमाः- अधिकृत सातौं, जिवकला भण्डारी, मोबाइल नं. ९८४७५५८९७९

छ) स्विकृत आयोजनाहरु स्थानीय तहबाट पुनः खण्डीकरण गरी विभिन्न आयोजना तथा कार्यक्रम बनाई कार्यान्वयन गर्नुहुने छैन।

ज) वित्तिय समानीकरण अनुदान बाहेक अन्य अनुदान तर्फका आयोजना तथा कार्यक्रमहरु कार्यान्वयन नभई रकम खर्च हुन नसकेमा खर्च नभई बाँकी रहेको रकम आ.व. को समाप्ती पश्चात प्रदेश सञ्चित कोषमा फिर्ता हुने व्यहोरा समेत जानकारीका लागि अनुरोध छ।

झ) समपुरक अनुदानको हकमा यस मन्त्रालयको च.नं. १३६८ मिति २०७७।०३।०२ र च.नं. १४०० मिति २०७७।०३।०९ को पत्र मन्त्रालयको वेबसाइट moeap.p5.gov.np मा अपलोड गरिएको छ । सोही बमोजिम प्रस्ताव गर्नुहुनेछ।

ञ) आयोजना तथा कार्यक्रम आर्थिक प्रशासन र खरिद सम्बन्धी प्रचलित कानूनको अधिनमा रही कार्यान्वयन गर्नु हुनेछ।

२०७७।०३।२५

(जिवकला भण्डारी)
अधिकृत सातौं

नोट :- समपुरक अनुदानका आयोजना तथा कार्यक्रम कार्यान्वयन सम्वन्धमा आयोजना तथा कार्यक्रम स्विकृती पश्चात मार्गदर्शन उपलब्ध गराउने व्यहोरा जानकारीका लागि अनुरोध छ ।